




# तिला गाउँपालिका, खाद्य सुरक्षा सर्वेक्षण बुलेटिन २०७७ वर्ष १ अंक १

## गाउँपालिकाको संक्षिप्त परिचय (Tila Rural Municipality—a brief introduction)

तिला गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लामा अवस्थित उच्च पहाडी विशेषता बोकेको गाउँपालिका हो। साविक घोडेमहादेव, मालिकाठाँटा, कुँडारी र रारालिही गाविस मिलेर बनेको बनेको यो गाउँपालिका १७५.४९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ।

समुन्द्री सतहबाट करिब २५०० मिटर सम्मको उँचाईमा रहेको छ। यस गाउँपालिका जुम्ला जिल्लाको सदरमुकाम खलङ्गा देखि करीब १५ किमीको दुरीमा उत्तर पश्चिम भागमा रहेको छ। यस गाउँपालिकाको पुर्वमा तातोपानी गाउँपालिका पश्चिम र दक्षिणमा कालिकोट जिल्ला र उत्तरमा हिमा गाउँपालिकासँग सिमाना जोडिएको छ। ९ वटा वडामा विभाजित हाल गापाको कार्यालय डुण्डेलीमा रहेको छ।

२०६८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसङ्ख्या १३६०७ रहेको देखिन्छ। यस लक्षित घरधुरी समुह छलफल सर्वेक्षणमा प्राप्त कुल घरधुरी २,८६५ साथै गाउँपालिकाको प्रोफाईल अनुसार ५ देखि ५९ महिना उमेर समुहका बालबालिका २,१६७ जना रहेका छन।




## सर्वेक्षण बिधि तथा तथ्याङ्क विश्लेषण (Data collection method and analysis)

**बस्तीस्तरीय लक्षित घरपरिवारहरुसँग छलफल** – गाउँपालिकाको प्रत्येक ९ वडाहरुको गाउँबस्ती पहिचान गरि गाउँपालिकाको कृषि तथा पशु शाखामा कार्यरत जनशक्तिहरुलाई २ दिने अनुशिक्षण पश्चात बस्तीस्तरमा स्थलगत लक्षित समुह छलफल गरी निर्धारित खाद्य सुरक्षा सूचना संकलन फाराममा तथ्यांक संकलन गरिएको थियो।

**जानीफकारसंग अन्तरवार्ता** – बस्तीस्तरमा विषय सम्बद्ध जानिफकार बिच विषेश छलफल तथा अन्तरकृया गरी सूचनाहरु संकलन गरिएको थियो।

**द्वितिय स्रोत** – गाउँपालिकाका सम्बद्ध शाखा कार्यालयहरुको चौमासिक, बार्षिक प्रतिवेदन साथै खाद्य सुरक्षासँग सम्बन्धित अध्ययन, अनुसन्धान तथा प्रतिवेदनहरु द्वितिय स्रोतकोरुपमा प्रयोग गर्दै सुक्ष्मरुपमा अध्ययन गरिएको छ।

**विश्लेषण** – संकलित जानकारीहरूलाइ खाद्य सुरक्षाका चार आयाम क्रमशः खाद्य उपलब्धता, पहूँच, उपयोगिता र स्थिरताको सन्दर्भमा वडागत स्थिति झल्किने गरी विश्लेषण तथा विवेचना गरिएको छ।




**सीमा**– गाउँपालिकाको ९ वटा वडाहरुको प्रत्येक गाउँ बस्ती लक्षित समुह छलफल गरी सूचना तथा तथ्यांक संकलन गरीएको थियो। वडास्तरको खाद्य सुरक्षाको ४ वटा आयमहरुलाई मुख्यरुपमा ध्यानमा राखी लक्षित समुह छलफलको लागि चेक लिष्टको माध्यमद्वारा सूचना संकलन गरिएको थियो। यस अध्ययनमा अन्य क्षेत्रको विगतमा प्राप्त सफल अनुभव बमोजिम तयार गरिएको छ। यस अध्ययनमा सूचना संकलन विवरणहरु यथासक्य बढी सूचना समाबेष हुने गरी तयारी गरेता पनि तथ्याङ्क व्यवस्थापन तथा बिश्लेक्षण सम्बन्धी व्यवहारिक कठिनाईहरु बाबजुद सम्बन्धित सबैको प्रयासबाट समग्र गाउँपालिको प्राराम्भिकरुपमा खाद्य सुरक्षा अवस्था विवरण तयार भएको छ। प्रस्तुत सूचना /तथ्यांकलाई संभव भएसम्म वडागत र खाद्य सुरक्षाको आयामहरु अनुसार खण्डीकृतरुपमा बिशलेषण गर्ने प्रयास गरिएको छ। आगामी दिनमा गाउँपालिकाबाट सिमित आर्थिक तथा मानवीय स्रोतसाधनको बाबजुद पहिलो प्रयासको रुपमा तयार गरिएको यस सुरक्षा बिश्लेषण समय अनुकुल आवद्यीकरुपमा आवश्यकता अनुसार अबलम्वन गर्दै लैजान जरुरी छ।


# वडास्तरीय खाद्य सुरक्षा सर्वेक्षणको प्रारम्भिक नतिजा (Preliminary results of ward-wise food security information)

## जग्गाको प्रकार र क्षेत्रफल (Types of Land and Area)

यस गाउँपालिकाका बासीन्दाहरुको मुख्य पेसा कृषि रहेको छ । गाउँपालिकाको कूल क्षेत्रफल १७५४९ हेक्टर रहेको छ, जस मध्ये खेती गरिएको जमिन करिव ९ प्रतिशत मात्र रहेको छ । जस मध्ये खेत १७६.५६ हेक्टर र वारी ६९९.७९ हेक्टर रहेको देखिन्छ । गाउँपालिकाको कृषि कार्यका लागि उपयोग गरिएको कूल जमिन ८७६३.३५ हेक्टर रहेको देखिन्छ।

हिमाली जिल्ला अन्तरगत रहेको यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले हिमाली तथा उच्च पहाडी क्षेत्रको अधिकांश जमिनको बनौट भिरालो प्रकृतिको छ भने नदि तटीय क्षेत्र लगायतका अन्य क्षेत्रमा समथर जमिन पनि रहेको छ। उच्च पहाडी श्रृंखलाले बनेकोले यस गाउँपालिकामा कडा खालको चट्टानी भुभाग, भीरपाखा तथा वसोवास योग्य क्षेत्र सहितको विविधतायुक्त धरातलिय अवस्थिति रहेको छ। यस क्षेत्रमा मुख्यतया कुडारी र रारालिही लगायतका स्थानमा गरि करिब १५ प्रतिशत समथर भु-भाग रहेको छ साथै कडा खालको चट्टान र भिरालोपन रहेको यो स्थानमा चरनका लागि पाटन क्षेत्र समेत रहेको छ।


वनक्षेत्रले ओगटेको क्षेत्र हेर्दा जंगल र झाडी गरि करिव ४२ प्रतिशत, खर्क वा चरन क्षेत्र ६.६ प्रतिशत रहेको छ। यस गाउँपालिकाको मुख्य अन्न बाली धान, गहुँ, मकै, कोदो, फापर, कागुनो, चिनो आदि हुन्। त्यसै गरी सिमी, आलु, भटमास, केराउ र मास दलहन बालीको पनि उत्पादन हुने गरेको छ।





स्याउ, ओखर र आरु  जस्ता फलफुलहरु उत्पादन हुने यस क्षेत्रमा आलु, काउली, बन्दा, गोलभेडा जस्ता तरकारी बालीको उत्पादन हुने गरेको छ। परम्परागत खेती प्रणाली, कृषि प्राविधिकको अभाव, पर्याप्त सिंचाइ सुविधाको अभावका कारण निर्वाहमुखी उत्पादन मात्र हुने गरेको देखिन्छ। यस गाउँपालिका पशुपालनका लागि उपयुक्त उच्च क्षेत्रमा पाटन चरन क्षेत्र रहेको छ। गाई, भैंसी, भेडावाख्रा साथै घोडा खच्चर लागि उपयुक्त रहेको यस क्षेत्रमा घाँस खेती गर्ने चलन भने छैन।


## खाद्य उपलब्धता (Food Availability)

### वार्षिक उत्पादन (Annual Production)









यस गाउँपालिकाको मुख्य अन्न बाली गहुँ, मकै, जौ, धान र कोदो रहेको  छ। अन्न बाली तुलनात्मकरुपमा बढी उत्पादन हुने वडाहरु क्रमश: ७, ५, ८, २ र ६ रहेको छ । तरकारी उत्पादनमा क्रमश; फर्सी, आलु, खुर्सानी, मुला, रायो, बन्दा, करेला, काउली, गोलभेडा रहेको  छ। तरकारी बाली तुलनात्मकरुपमा बढी उत्पादन हुने वडाहरु क्रमश: ५, ८, ४, ७ र १ रहेका छन्।
पशुजन्य संख्या विवरण गाई/गोरु, खसी/बोका, कुखुरा, खरायो र घोडा/ खच्चर रहेको  छ। पशुजन्य उत्पादन मध्ये संख्याको तवरले बढी मात्रामा भेडा/बाखा पालन गर्ने वडाहरु क्रमश: ८, ५, ६ र ३ रहेको छ। तुलनात्मकरुपमा बढी आर्थीक आमदानीको स्रोतको हिसाबले यस क्षेत्रमा बढि संलग्न घरपरीवार छन्।



## खाद्य उपलब्धता (Food Availability)

### वार्षिक उत्पादन तथा स्थानीय खाद्य उत्पादन प्रर्याप्तता (Annual Production and Sufficiency of Local Food Production )





यस गाउँपालिकाको नगदे बालीमुख्य रुपमा सिमी, आलु, भटमास र स्याउ पर्दछन्, साथै आमदानीको तवरले पनि यीनै बालीले बढी हिसा ओगटेको छ । नगदे बाली तुलनात्मकरुपमा बढी उत्पादन हुने वडाहरू क्रमश: ७, २, ८, ५ र ६ रहेको छ। गैरकाष्ठ बनपैदावार उत्पादनको तवरले क्रमश; समायो, पदमचाल, चिराईतो, सिमपाती र खिरौला रहेको छ। गैरकाष्ठ बन पैदावार तुलनात्मकरुपमा बढी उत्पादन हुने वार्डहरु क्रमश: ६, ७, ९,४ र ६ रहेका छन।

समग्रमा गाउँपालिकाको कुल घरपरिवारमा आफ्नो स्थानीय उत्पादनले ४ महिना भन्दा कम पुग्ने ४५ प्रतिशत, ४ देखि ७ महिना पुग्ने ३१ प्रतिशत, ७ देखि ९ महिना पुग्ने १८ प्रतिशत र ९ देखि १२ महिना पुग्ने ६ प्रतिशत मात्र रहेको छ।


तिला गाउँपालिकामा वडागतरुमा हेर्दा खाद्य पर्याप्तताको आँकलनको नतिजाले वडानं ३,४,८, ९, २ र ७ क्रमशः ११ प्रतिशत, ८ प्रतिशत, ५ प्रतिशत, ५ प्रतिशत, ५ प्रतिशत, र ४ प्रतिशत घरधुरीहरुमा ४ महिना भन्दा कम मात्र खाद्य प्रर्याप्तता रहेको देखिन्छ।





## खाद्यमा पहुँच (Access )

यस गाउँपालिकाको उत्पादन तथा बिक्रीमा संलग्न घरपरिवारहरु मध्ये, आमदानीको हिसावले मुख्य रुपमा गैरकाष्ठ ४७ प्रतिशत घरधुरी, पशुजन्य ३७ प्रतिशत, तरकारी ३२ प्रतिशत र अन्न बाली २८ प्रतिशत घरधुरी संलग्न रहेका छन् । यस गाउँपालिकाको धैरै हिसा ओगटेको नगदेबाली उत्पादन तथा आयमा संलग्न घरपरिवारहरु क्रमश सिमी, स्याउ र आलु छ।

वडागत तवरले कुल साना तथा ठुला खुद्रा पसल,फेन्सी पसल,खाद्यान्न पसल कुल बजार संख्या १३५ रहेको छ, भने क्रमश वार्डनं ३ जा ३५ वटा, वडानं ९ मा २० वटा, वडानं मा १८ वटा, वडानं ४ मा १६ वटा र वडानं ८ मा १५ वटा छन। वडागतरुपमा कारोवार बढी हुने वडानं ५, १, ७ र २ रहेको छ।








## उपयोगिता (Utilization)

### खानेपानी तथा सरसफाई (Access to Drinking Water and Sanitation )

तिला गाउँपालिका घरधुरीहरुमा खानेपानी उपयोग क्रमश: सार्वजनिक धारा २३२४ घर (८१ प्रतिशत), निजी धारा उपभोग गर्ने ४२४ घर (१५ प्रतिशत), मुलको पानी प्रयोग गर्ने ११० घर (४ प्रतिशत) र नदीको पानी प्रयोग गर्ने ४ घर (०.१४ प्रतिशत) छन् । वडागतरुपमा सबै भन्दा बढी सार्वजनीक धाराबाट खानेपानी प्रयोग गर्ने वडानं ३ शत प्रतिशत अर्थात ४६२ घर यसैगरी वार्डनं ४ मा ४२४, वार्डन ८ मा ३०१ घर छन ।

वडागत तवरले निजी धारा प्रयोग गर्ने क्रमशः वडानं २, १, ७ र ५ मा क्रमश २३० घर, ८५ घर, ५५ घर, ५१ घर छन् भन्ने मुलको पानी प्रयोग गर्ने वडानं ७, ९ र २ मा क्रमश: ५६ घर, ४२ घर र १२ घर रहेको छन् ।





समग्रमा गाउँपालिकाको घरपरिवारहरुमा सुधारिएको शौचालय प्रयोग गर्ने घरपरिवार १,४४० (५०.२६ प्रतिशत), कच्ची शौचालय प्रयोग गर्न घरपरिवार १,१५० (४०.३५ प्रतिशत) र शौचालय नभएको घरपरिवार २६९ (९.३९ प्रतिशत ) रहेको छ ।

वडागत रुपमा शौचालय नभएका घरपरीवार वडानं २ मा ६० घर (२२.३० प्रतिशत ), वडानं १ मा ५५ घर (२०.४५ प्रतिशत ), वडानं ९ मा ४७ घर (१७.७४ प्रतिशत ), वडानं ३ मा ३४ घर (१२.६४ प्रतिशत ), वडानं ७ मा २९ घर (१०.७८ प्रतिशत ), वडानं ४ मा २५ घर ९.२९ प्रतिशत, वडानं ८ मा १७ घर ( ६.३२ प्रतिशत ), वाडानं ५ मा २ घर ( ०.७४ प्रतिशत ), र वाडनं ६ मा शौचालय नभएका घरधुरी छैनन् ।


### बाल पोषण अवस्था र छुई/छाउपडी चलन (Child Undernutrition among 6 – 23 months and Menstrual Hygiene Practice )

तिला गाउँपालिकाको ६ देखि २३ महिनाका बालबालिकाको संख्या ५५५ रहेको छ । यी बालबालिका मध्ये कम तौल भएका बालबालिका ५३ (१३.६९ प्रतिशत) रहेका छन् ।
वडागत हिसाबमा सबै भन्दा कम तौल भएका बालबालिकाहरु क्रमश; वडा नं ८ मा (२३.०८ प्रतिशत), वडा नं ९ मा ( १८. ५७ प्रतिशत ), वडा नं २ मा ( १४. ५२ प्रतिशत ), वडा नं ७ मा ( १३. ५८ प्रतिशत ), वडा नं १ मा ( १२. ३१ प्रतिशत ), वडा नं ३ मा ( १०. ४२ प्रतिशत ) र वडा नं ६ मा ( १०. २९ प्रतिशत ) रहेको छ ।

*(स्रोत/source: मातृशिशु स्वास्थ्य तथा पोषण कार्यक्रम, MCHN Programme जुम्ला )।*




तिला गाउँपालिकाको घरधुरीहरुमा वडास्तरीय लक्षित समूह छलफल अनुसार छुई अर्थात छाउपडी चलन बारेमा लक्षित समुहसँग छलफलबाट छुई भएको बेला गोठमा बस्ने १,२६१ जना (४४ प्रतिशत), छुई भएको बेला घरको अलगै कोठामा बस्ने १,१५७ जना (४० प्रतिशत), छुई भएको बेला छुई घरमा बस्ने ३९८ जना (१४ प्रतिशत) / छुई नमान्ने ४९ जना (२ प्रतिशत ) रहेको छ ।
वडागतरुपमा हेर्दा अझै पनि गोठमा बस्ने वार्डनं ६ मा २०२ घरधुरीका सत प्रतिशत छन् भन्ने वार्डनं २ मा ३३६ घर (८२ प्रतिशत), वार्डनं ९ मा ३४३ घर (६५ प्रतिशत), वार्डनं ४ मा ४२४ घर ( ४९ प्रतिशत ) र वार्डनं ३ मा ४६४ (४५ प्रतिशत ) रहेको छ । बिद्यमान अवस्थामा पनि महिला तथा किशोरीहरु महिनावरी भएको बेला छाउपडी बस्नु पर्ने बाध्यता छ । जसको कारणले महिलाहरुमा दैनिकी कामहरुमा यसले प्रत्यक्ष असर परेको छ ।




# स्थिरता (Stability)

## रोजगारीका श्रोतहरु ( Sources of incomes )

तिला गाउँपालिकाको वडागत लक्षित समूह छलफल सर्वेक्षण अनुसार रोजगार तथा आर्थिक आमदानीमा ३,९३५ जना संलग्न भएको देखिन्छ । आमदानीको कूल हिसाहरु मध्ये क्रमश: भारत रोजगारी १८८३ जनाबाट (४७ प्रतिशत), दैनिक ज्यालादारी रोजगारी ११२८ जनाबाट ( १७ प्रतिश), तेस्रो मुलुक १०५ जनाबाट (१६ प्रतिशत), तलबी कर्मचारी २८४ जनाबाट (१५ प्रतिशत) र नेपाल भित्र मौसमी ब्यापार ५३५ जनाबाट ( ५ प्रतिशत ) बाह् मौसमी /ब्यापार बसाई सराईबाट रहेको छ ।

| वार्डनं | आमदानीमा संलग्न संख्या | कुल आमदानी रु ( 0,00 ) मा |
|---|---|---|
| १ | ४९० | २५,११६ |
| २ | १८६ | २०,२१० |
| ३ | ७७२ | ४५,९३५ |
| ४ | १,०६५ | १६४,२५२ |
| ५ | ४३९ | ११८,८०४ |
| ६ | ७६ | १२,०८९ |
| ७ | २७० | १२९,०८० |
| ८ | २२२ | १६,६२० |
| ९ | ४१५ | १६२,७३१ |
| जम्मा | ३,९३५ | ६९४,८३७ |





वाडगत बिभिन्न स्रोतहरुबाट तवरमा क्रमश: सबैभन्दा बढि वार्डनं ४ मा (२४ प्रतिशत ), वार्डनं ९ मा (२३ प्रतिशत ), वार्डनं ७ मा (१९ प्रतिशत ), वार्डनं ५ मा (१७ प्रतिशत ), वार्डनं ३ मा (७ प्रतिशत ), वार्डनं १ मा (४ प्रतिशत ), वार्डनं २ मा (३ प्रतिशत ) र वार्डनं ६ र ८ मा (२ प्रतिशत ) आमदानी गर्ने ब्यक्तिहरु छन् ।

# स्थिरता (Stability)

## निर्वाहपद्धति (Coping Strategy )

समग्रमा तिला गाउँपालिका घरपरिवारहरुले दैनिक जिवन निर्वाहपद्धति अपनाउने पद्धतिहरु क्रमश: ज्यालादारी ४७. प्रतिशत, नगद सरसापटी २३ प्रतिशत र अन्न सापटी २० प्रतिशत र मौसमी ब्यापार गर्ने १० प्रतिशत छन् ।

तिला गाउँपालिकामा वडागतरुपमा सामान्य अवस्थामा दैनिक जिवन निर्वाहपद्धतिका उपाय अपनाउने सबै भन्दा बढी क्रमश:वार्डन ३ मा ( १६ प्रतिशत ), वार्डन ४ मा ( १४ प्रतिशत ), वार्डन २ र ९ मा ( १२ प्रतिशत ), वार्डन ८ र ५ मा ( ११ प्रतिशत ), वार्डन १ मा ( ९ प्रतिशत ), वार्डन ७ मा ( ९ प्रतिशत ) र वार्डन ६ मा ( ७ प्रतिशत ) घरधुरीहरुले जिवन निर्वाहपद्धतिका उपायहरु अपनाउँछन् ।



## सारांस (Conclusion)

- तिला गाउँपालिकाको गाउँपालिकाको कूल क्षेत्रफल १७५४९ हेक्टर रहेको छ, जस मध्ये खेती गरिएको जमिन करिव ९ प्रतिशत मात्र रहेको छ। जस मध्ये खेत १७६.५६ हेक्टर र वारी ६९९.७९ हेक्टर रहेको देखिन्छ। गाउँपालिकाको कृषि कार्यका लागि उपयोग गरिएको कूल जमिन ८७६३.३५ हेक्टर रहेको देखिन्छ।
- वडागतरुपमा तुलनात्मकरुपमा अन्न बाली बढीउत्पादन हुने वार्डहरु क्रमश: ७, ५, ८, २ र ६ रहेको छ र तरकारी उत्पादनको हसावले क्रमश; फर्सी, आलु, खुर्सानी, मुला, रायो, बन्दा, करेला, काउली, गोलभेडा रहेको छ साथै तरकारी बाली तुलनात्मकरुपमा बढी उत्पादन हुने वार्डहरु क्रमश: ५, ८, ४, ७ र १ रहेको छ।
- पशुजन्य उत्पादन गाई/गोरु, खसी/बोका, कुखुरा, खरायो र घोडा/ खच्चर छ र पशुजन्य उत्पादन मध्ये संख्याको तवरले बढी मात्रामा भेडा/बाखा पालन गर्ने वार्डहरु क्रमश: ८, ५, ६ र ३ रहेको छ।
- गैरकाष्ठ बन पैदावार उत्पादनको तवरले क्रमश; समायो, पदमचाल, चिराईतो, सिमपाती र खिरौला उत्पादन हुन्छ र नगदे बाली तुलनात्मकरुपमा बढी उत्पादन हुने वार्डहरु क्रमश: ७, २, ८, ५ र ६ रहेको छ।
- समग्र गाउँपालिकाको कुल घरपरिवारमा आफ्नो स्थानीय उत्पादनले ४ महिना भन्दा कम पुग्ने ४५ प्रतिशत, ४ देखि ७ महिना पुग्ने ३१ प्रतिशत, ७ देखि ९ महिना पुग्ने १८ प्रतिशत र ९ देखि १२ महिना पुग्ने ६ प्रतिशत मात्र रहेको छ।
- गाउँपालिकामा वडागतरुमा हेर्दा खाद्य पर्याप्तताको आँकलन गर्दा वडानं ३,४,८, ९, २ र ७ क्रमशः ११ प्रतिशत, ८ प्रतिशत, ५ प्रतिशत, ५ प्रतिशत, ५ प्रतिशत, र ४ प्रतिशत घरधुरीहरुमा ४ महिना भन्दा कम मात्र खाद्य पर्याप्तता रहेको देखिन्छ।
- समग्र आमदानीको हिसावले मुख्य रुपमा गैरकाष्ठ वनपैदावर ४७ प्रतिशत घरधुरी, पशुजन्य ३७ प्रतिशत, तरकारी ३२ प्रतिशत र अन्न बाली २८ प्रतिशत घरधुरीहरु संलग्न रहेका छन् ।
- वडागत हिसावले कुल साना तथा ठुला खुद्रा पसल संख्या १३५ रहेको छ, बार्षीक कारोवार बढी हुने वडानं ५, १, ७ र २ रहेको छ।
- तिला गाउँपालिका घरधुरीहरुमा खानेपानी उपयोग क्रमश: सार्वजनिक धारा २३२४ घर (८१ प्रतिशत), निजी धारा उपभोग गर्ने ४२४ घर (१५ प्रतिशत), मुलको पानी प्रयोग गर्ने ११० घर (४ प्रतिशत) र नदीको पानी प्रयोग गर्ने ४ घर ( ०.१४ प्रतिशत) छन्।
- समग्रमा पालिकाको घरपरिवारहरुमा सुधारिएको शौचालय प्रयोग गर्ने घरपरिवार १,४४० (५० प्रतिशत), कच्ची शौचालय प्रयोग गर्ने परिवार १,१५० (४० प्रतिशत) र शौचालय नभएको घरपरिवार २६९ ( ९ प्रतिशत ) रहेको छ।
- समग्र गाउँपालिकाको ६ देखि २३ महिनाका बालबालिकाको संख्या ५५५ रहेको छ। यी बालबालिका मध्ये कम तौल भएका बालबालिका ५३ (१४ %) रहेका छन्।
- छुई अर्थात छाउपडी चलन आंकलनको नतिजाले छुई भएको बेला गोठमा बस्ने १,२६१ जना (४४ प्रतिशत), छुई भएको बेला घरको अलगै कोठामा बस्ने १,१५७ जना (४० प्रतिशत), छुई भएको बेला छुई घरमा बस्ने ३९८ जना (१४ प्रतिशत) / छुई नमान्ने ४९ जना (२ प्रतिशत ) रहेको देखिन्छ ।
- समग्रमा पालिकाको रोजगार तथा आर्थिक आमदानीमा ३,९३५ जना संलग्न भएको देखिन्छ जसमा आमदानीको कूल हिस्सा मध्ये क्रमश: भारत रोजगारी १८८३ जनाबाट (४७ प्रतिशत), दैनिक ज्यालादारी रोजगारी ११२८ जनाबाट ( १७ प्रतिशत), ततेस्रो मुलुक १०५ जनाबाट (१६ प्रतिशत), तलबी कर्मचारी २८५ जनाबाट (१५ प्रतिशत) र नेपाल भित्र मौसमी ब्यापार ५५३ जनाबाट ( ५ प्रतिशत ) बाहृ मौसमी /ब्यापार बसाई सराईबाट रहेको छ।
- समग्रमा पालिकाको दैनिक जिवन निर्वाहपद्धति घरपरिवारहरुले अपनाउने पद्धतिमा क्रमश: ज्यालादारी ४७. प्रतिशत, नगद सरसापटी २३ प्रतिशत र अन्न सापटी २० प्रतिशत र मौसमी ब्यापार गर्ने १० प्रतिशत छन्।

**खाद्य सुरक्षा सूचना केन्द्र स्थापना, क्षमता अभिबृद्धि, खाद्य सुरक्षा सर्वेक्षण तथा यो खाद्य सुरक्षा बुलेटिन तयार गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा विश्व खाद्य कार्यक्रमबाट प्राप्त प्राविधिक सहयोगका लागि कृषिशाखा, तिला गाउँपालिका, जुम्ला आभार व्यक्त गर्दछ।**

**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

WFP World Food Programme

**तिला गाउँपालिका**
**जुम्ला, कर्णाली प्रदेश**

**थप जानकारीको लागि:**
**फोन नं : ९७५८९०१२६६**
**Website: http://tilamun.gov.np/**
**सम्पर्क : कृषि शाखा, तिला गाउँपालिका, जुम्ला कर्णाली**

फोटो सौजन्य: डीबी बुढा, सागर परियार, जुम्ला

